मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा
मकवानपुर, बागमती प्रदेश

छात्रवृत्ति बितरण सम्बन्धी कार्यविधि- २०७८

लागू मितिः २०७८।१०।१९

मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा, मकवानपुरको
छात्रवृत्ति बितरण सम्बन्धी कार्यविधि- २०७८

प्रस्तावना:

यस क्याम्पसको छात्रवृत्ति बितरण प्रक्रियालाई थप प्रभावकारी बनाउने उद्धेश्यले यस क्याम्पसको बिधान एवम् संचालक समितिले हालसम्म गरेका निर्णयहरु, शिक्षा ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरु, त्रि बि नियमावली लगायत स्थनीय सरकारले कार्यान्वयनमा ल्याएका कार्यबिधिहरु समेतलाई दृष्टिगत गरी हालसम्म छात्रवृत्ति बितरणका क्रममा अबलम्बन गरिएका प्रक्रियाहरुलाई समेतलाई आधारलाई मानी छात्रवृत्ति बितरण सम्बन्धी कार्यबिधि तयार गरी कार्यान्वयन गर्न् बाञ्छनीय भएकोले क्याम्पसको बिधानको दफा ५० ले दिएको अधिकार अन्तर्गत रही यो छात्रवृत्ति बितरण सम्बन्धी कार्याविधि- २०७८ तयार गरिएको छ ।

परिच्छेद- एक

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यो कार्यविधिको नाम **मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा, मकवानपुरको छात्रवृत्ति बितरण सम्बन्धी कार्यविधि- २०७८** रहेको छ ।

१.२ यो कार्याविधि क्याम्पस सञ्चालक समितिले स्विकृत गरेपश्चात् प्रारम्भ हुनेछ ।

परिच्छेद- दुई

२. परिभाषा:

२.१ **क्याम्पस** भन्नाले मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा- २, मकवानपुरलाई जनाउँछ ।

२.२ **छात्रवृत्ति** भन्नाले तोकिएको मापदण्डमा छनौट भएका विद्यार्थीहरुलाई क्याम्पसले प्रदान गर्ने सुविधालाई जनाउँदछ ।

परिच्छेद- तीन

३. उद्देश्य:

यस कार्यविधिका उद्देश्यहरु निम्नलिखित रहेका छन्:

३.१ छात्रवृत्ति बितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउने ।

३.२ लक्षित विद्यार्थी/वर्गहरुले प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

३.३ छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरुको भूमिका स्पष्ट पार्नु ।

परिच्छेद- चार

४.१ छात्रवृत्ति समिति सम्बन्धी व्यवस्था:

छात्रवृत्ति बितरणको प्रक्रियालाई व्यवस्थित गर्न देहायका सदस्यहरुको रहेको एक छात्रवृत्ति समिति गठन गरिनेछ:

क) सञ्चालक समितिले तोकेको सदस्य	संयोजक
ख) अध्यक्ष, पब्लिक क्याम्पस प्राध्यापक संघ, म.ब.क्या., इकाई	सदस्य
ग) त्रि.वि. कर्मचारी संघ, म.ब.क्या., सभापति	सदस्य
घ) अध्यक्ष, स्ववियु, म.ब.क्या.	सदस्य
ङ) सहायक क्याम्पस प्रमुख (शैक्षिक)	सदस्य-सचिव

४.२ समिति सम्बन्धी अन्य व्यवस्था:

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ ।

ग) समितिले आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

४.३ छात्रवृत्ति समितिको काम, कर्तव्य र अधिकार:

छात्रवृत्ति समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ:

क) क्याम्पसको चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी संख्यालाई आधार मानी छात्रवृत्ति बितरणको लागि रकम एकिन गर्ने ।

ख) वार्षिक परीक्षा फाराम भर्नुपूर्व नै कम्तीमा १५ दिनको म्याद राखी छात्रवृत्ति फाराम भर्नको लागि सूचना प्रकाशन गर्ने ।

ग) प्राप्त फारामहरु यसै कार्यविधिमा तोकिए बमोजिम छानविन गरी अन्तर्वार्ता सञ्चालन गर्ने र अन्तर्वार्ता भएको मितिले एक हप्ताभित्र नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

घ) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरुको तोकिए बमोजिम मासिक शिक्षण शुल्क लिन नपाउने व्यवस्था गर्ने ।

ङ) छात्रवृत्तिका विषयमा प्राप्त निवेदन तथा उजुरीहरुको पुनरावोलकन गरी उचित र न्यायसंगत रुपमा समस्याको टुङ्गो लगाउने ।

परिच्छेद- पाँच

५.१ छात्रवृत्ति बितरण योग्य रकम सम्बन्धी व्यवस्था:

क) चालु शैक्षिक सत्रमा भर्ना भई नियमित विद्यार्थीहरुबाट संकलित वार्षिक शिक्षण शुल्कको ५ प्रतिशत रकम र विश्व विद्यालय अनुदान आयोग अन्तर्गत जोडकोष शीर्षकबाटबाट प्राप्त रकममध्ये छात्रवृत्तिको लागि रु. २,००,००,०००।- (दुई करोड) छुट्याई बैंक निक्षेप राखी प्राप्त हुन आउने वार्षिक ब्याज रकमलाई समेत कक्षागत विभाजन गरी आउने रकमलाई मासिक शिक्षण शुल्कमा बदली छुट्याउने व्यवस्था गर्नुपर्नेछ । नियमित विद्यार्थीहरु भन्नाले प्रथम वर्ष/सेमेष्टरमा चालु शैक्षिक सत्रमा भर्ना भई रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको संख्यालाई र बाँकी वर्ष/सेमेष्टरलाई अघिल्लो वर्षको वार्षिक परीक्षा फाराम भरेका विद्यार्थीको संख्यालाई आधार मानिनेछ ।

ख) छात्रबृत्तिको कोटा तथा आरक्षण सम्बन्धी विषयको व्याख्या वा निर्धारण सम्बन्धमा प्रचलित कानूनको अधिनमा रही छात्रबृत्ति समितिले निर्णय गर्न सक्नेछ ।

ग) कुनै कक्षा/तह छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्:

१) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा,

२) क्याम्पसको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा,

३) अन्य संघ/संस्था वा निकायहरुबाट छात्रवृत्ति प्राप्त गरेको पाइएमा,

५.२ छात्रवृत्तिमा विद्यार्थी छनौट प्रक्रिया:

क) छात्रवृत्ति बितरण गर्न योग्य रकम एकिन गरेपछि कम्तीमा वार्षिक परीक्षा सुरुहुनुभन्दा १० देखि १५ दिन अगावै छात्रवृत्ति फाराम खुलेको सूचना सम्बन्धित विद्यार्थीहरुलाई जानकारी गराई आवेदन लिने व्यवस्था मिलाउनुपर्ने छ ।

ख) यसरी प्राप्त आवेदन फारामहरु छानविन गरी कक्षागत आवेदकहरुको सूची प्रकाशित गर्ने, अन्तर्वार्ताको मिति तय गर्ने र तोकिएको आरक्षणको परिधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशित गर्नेछ ।

ग) नतिजा प्रकाशन गर्दा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको नाम, थर, कक्षा, रोल नं. र छात्रवृत्ति प्राप्त रकम र महिना सहितको विवरण क्याम्पसको सूचना पाटीमा टाँस गर्ने, वेबसाइट तथा क्याम्पसको सामाजिक सञ्जाल पेजमा प्रकाशित गर्नुपर्ने छ ।

घ) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको मासिक शुल्क चालु शैक्षिक सत्रमा मिलान गर्ने, शुल्क भुक्तान भइसकेको भए पछिल्लो वर्षको कक्षामा शुल्क मिलान गर्ने र सबै शुल्क भुक्तान भइसकेको विद्यार्थीहरुको हकमा प्राप्त छात्रवृत्ति रकम उपलब्ध गराउनुपर्नेछ ।

ङ) एक शैक्षिक वर्षमा बढिमा ११ महिनासम्मको मात्र मासिक शिक्षण शुल्क छात्रवृत्तिमा उपलब्ध गराउनुपर्ने छ । सो भन्दा बढी छात्रवृत्ति देखिएमा बढी भएको छात्रवृत्ति स्वत रद्द हुने व्यवस्था गर्नुपर्ने छ ।

५.३ छात्रवृत्ति आवेदन फाराम भर्ने सम्बन्धी व्यवस्था:

छात्रवृत्ति आवेदन फाराम क्याम्पसले निःशुल्क उपलब्ध गराउनेछ । छात्रवृत्ति फारम भर्नको लागि क्याम्पसले निम्नानुसारको व्यवस्था गर्नेछ :

५.३.१ जेहेन्दार छात्रवृत्ति आवेदन फाराम (सेतो)

जेहेन्दार छात्रवृत्ति आवेदन फाराम भर्ने विद्यार्थीहरुले निम्नलिखित मापदण्ड पुरा गरेको हुनुपर्नेछ:

क) क्याम्पसले सञ्चालन गरेका आन्तरिक परीक्षाहरुमा सामेल भई सबै विषयहरु उत्तिर्ण गरेको हुनुपर्नेछ ।

ख) वार्षिक परीक्षामा अनिवार्य उत्तिर्ण भएको हुनुपर्ने छ (परीक्षाफल प्रकाशन भइसकेकोलाई मान्ने) ।

ग) मेरिट लिस्टको आधारमा छात्रबृत्ति रकम वा महिना फरक पर्ने गरी तपसिल बमोजिम वितरण गर्ने

अ) विशिष्ट श्रेणीलाई पहिलो प्राथमिकता

आ) प्रथम श्रेणीलाई दोस्रो प्राथमिकता

इ) द्वितीय श्रेणी तेस्रो प्राथमिकता

इ) उत्तीर्णलाई चौथो प्राथमिकता

५.३.२. अन्य छात्रवृत्ति आवेदन फाराम (रातो)

अन्य छात्रवृत्ति आवेदन फाराम भर्ने विद्यार्थीहरुले निम्नलिखित मापदण्ड पूरा गरेको हुनुपर्नेछः

क) यस अन्तर्गत फाराम भर्न गरीब, विपन्न, आर्थिक अवस्था कमजोर, पिछडिएको वर्ग, जनजाति, दलित, शिक्षाको पहुँच नपुगेका जनजाति (Educationally Disadvantaged Janajatis, EDJ) अपाङ्ग, मधेशी, जनआन्दोलन घाइते, शहीद, बेपत्ता पारिवारको सन्तति, मधेश आन्दोलनका घाइतेका सन्तती, द्वन्दपिडित, मकवानपुर जिल्लाका दुर्गम क्षेत्रबाट आउने विद्यार्थीहरु, दुर्गम जिल्ला, राष्ट्रिय तथा क्षेत्रीय खेलाडी, कलाकार, पत्रकार, बाहिरी जिल्ला तथा तेश्रो लिङ्गी विद्यार्थीहरु हुनुपर्नेछ।

ख) बुँदा नं. ५.३.१ मा तोकिएको बाहेक अन्य विद्यार्थीहरु हुनुपर्नेछ।

ग) अन्य छात्रवृत्ति आवेदन फाराम भर्ने विद्यार्थीहरुले क्याम्पसले सञ्चालन गरेका आन्तरिक परीक्षाहरुमा सामेल भई कम्तीमा २ विषय उत्तिर्ण गरेको हुनुपर्नेछ। सबै आन्तरिक परीक्षामा सम्पूर्ण दिन उपस्थित हुनुपर्नेछ। गयल हुने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छैन।

५.४. छात्रवृत्ति छनौट प्रक्रियाः

क) छात्रवृत्ति छनौटको लागि तोकिएको छात्रवृत्ति आवेदन फाराम भरेका विद्यार्थीहरुको छात्रवृत्ति समितिले अन्तर्वार्ताको आधारमा छनौट गर्नेछ।

५.५ छात्रवृत्तिमा तपसिल बमोजिम अङ्क प्रदान गरी सोही अङ्कको आधारमा छात्रवृत्तिको लागि महिना गणना तथा निर्धारण गरिनेछ।

क्र.सं.	विद्यार्थीको विशेषता	अङ्क
१	छात्रा (महिला)	१
२	अपाङ्ग, सहिद परिवार, जनआन्दोलनका घाइते, द्वन्द्वपिडित, तेश्रो लिङ्गी	१
२	बाहिरी जिल्ला तथा मकवानपुर जिल्लाको दुर्गम क्षेत्रबाट आउने	१
३	राष्ट्रिय तथा क्षेत्रीय खेलाडी, कलाकार, पत्रकार	१
४	आदिवासी/जनजाति	१
५	दलित	१
६	आर्थिक अवस्था कमजोर तथा विपन्नता	१
७	शिक्षाको पहुँच नपुगेका जनजाति (Educationally Disadvantaged Janajatis, EDJ)	१
८	मधेसी	१

परिच्छेद- छ

६.१. आरक्षण सम्बन्धी व्यवस्था

जेहेन्दार तथा लक्षित वर्गलाई छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छः

क) कूल छात्रवृत्तिमध्ये ५० प्रतिशत छात्रवृत्ति रकम जेहेन्दार आवेदन फाराम भर्ने विद्यार्थीहरुलाई छुट्याईनेछ।

ख) बाँकी ५० प्रतिशत छात्रवृत्ति रकमलाई शतप्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गरी अन्य छात्रवृत्ति आवेदन फाराम भर्ने विद्यार्थीहरुलाई बितरण गरिनेछ:

सि.नं.	छात्रवृत्ति प्रकृति	प्रतिशत (%)
१	अपाङ्ग, सहिद परिवार, जनआन्दोलनका घाइते, द्वन्द्वपीडित बाहिरी जिल्ला तथा मकवानपुर जिल्लाको दुर्गम क्षेत्रबाट आउने, राष्ट्रिय तथा क्षेत्रीय खेलाडी, कलाकार, पत्रकार, तेश्रो लिङ्गी	३०
२	आदिवासी/जनजाति	३०
३	दलित	१०
४	आर्थिक अवस्था कमजोर तथा विपन्नता	१०
५	शिक्षाको पहुँच नपुगेका जनजाति (Educationally Disadvantaged Janajatis, EDJ)	१०
६	मधेसी	१०

ग) यसरी छुट्याइएको प्रत्येक आरक्षित समूहको ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नुपर्नेछ । छात्राहरुको कोटा पूर्ति हुन नसकेमा सो कोटामा छात्रहरुलाई छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

घ) माथि उल्लेखित आरक्षणहरुमध्ये एक विद्यार्थीले एक आरक्षण समूहबाट मात्र आवेदन दिन पाउनेछ ।

ङ) छात्रवृत्तिको कोटा प्राथमिकीकरण गर्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेखित गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ ।

च) माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा, आवेदन परेर पनि अन्तर्वार्तामा उपस्थित हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा बाँकी छात्रवृत्ति जेहेन्दार छात्रवृत्तिमा परिणत गर्न सकिनेछ ।

६.२ छात्रवृत्ति बितरण सम्बन्धी अन्य व्यवस्था:

बुँदा नं. ६.१ बाहेक देहायका अवस्थामा छात्रवृत्तिको छनौट प्रक्रियामा सामेल नभई विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्न सक्नेछन्:

क) सामुदायिक क्याम्पसहरुले कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुलाई संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि- २०७४ बमोजिम छात्रवृत्ति प्रदान गर्नेछन् ।

ख) यस क्याम्पसमा सेवारत प्राध्यापक, कर्मचारी स्वयम् वा निजका श्रीमान् श्रीमती वा छोराछोरीमध्ये एकले यस क्याम्पसमा अध्ययनका लागि वार्षिक प्रणाली अन्तर्गत भर्ना भएमा एक पटकमा एकजनालाई ११ महिनाको मासिक शिक्षण शुल्क सुविधा दिने,

ग) यस क्याम्पसमा सेवारत प्राध्यापक तथा कर्मचारी स्वयम् वा निजका श्रीमति वा छोराछोरीहरु यस क्याम्पसमा अध्ययनका लागि सेमेष्टर प्रणाली अन्तर्गत भर्ना हुँदा एक पटकमा एकजनालाई मात्र सेमेष्टर शुल्कमा ५० प्रतिशत छुट गरी सुविधा दिने,

घ) क्याम्पसको वार्षिकोत्सवको अवसरमा स्ववियुद्वारा सञ्चालन हुने खेलकुद प्रतियोगितामा स्ववियु वर्ष खेलाडीलाई (पुरुष/महिला) ६/६ महिनाको मासिक शुल्क बराबरको पुरस्कार स्वरुप छात्रवृत्ति सुविधा दिने,

ङ) यस क्याम्पसका संचालकहरुद्वारा सिफारिस गरिएको एक जना विद्यार्थीलाई ११ महिनाको मासिक शिक्षण शुल्क सुविधा दिने ।

च) एकै घरका (आमाबुबा एकै भएका) तीनजना नियमित विद्यार्थीमध्ये सबैभन्दा कम शुल्क लाग्ने एक जनालाई ११ महिनाको शिक्षण शुल्क छात्रवृत्ति सुविधा दिने । सेमेस्टरमा मात्र ३ जना अध्ययन गर्ने भएमा एक जनालाई लाग्ने सेमेस्टर शुल्कको ५० प्रतिशत छुट दिने ।

छ) आन्तरिक परीक्षा र वार्षिक परीक्षामा त्रिभुवन विश्व विद्यालयका बार्षिक कार्यक्रमहरुमा संकायगत रुपमा तह/कक्षा प्रथम हुनेलाई एक/एक जना छात्रछात्रालाई क्रमशः ३ महिना र ११ महिनाको मासिक शिक्षण शुल्क बराबर सुविधा दिने, त्यस्तो छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति आवेदन फर्म भरी परीक्षा शाखा प्रमुखबाट प्रमाणित गराउनुपर्ने छ । तर कक्षा ११ र १२ को हकमा हाल संकाय नभएकोले ती कक्षामा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुमध्ये आन्तरिक परीक्षा र बार्षिक परीक्षामा कक्षा प्रथम हुनेलाई मात्र क्रमशः ३ महिना र ११ महिनाको मासिक शुल्क छुट दिइनेछ । बार्षिक परीक्षाको नतिजाको यो सुविधा कक्षा १२ लाई प्रदान गरिनेछैन ।

ज) सेमेस्टर प्रणाली अन्तरगत BBA, BBM, BICTE लगायतका स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुको हकमा छात्रवृत्ति वितरण प्रक्रिया देहाय बमोजिम हुनेछः

- तोकिएको कोटा सबै पूर्ण भएमा थप लिइएको सङ्ख्या जति जना हुन्छ त्रि.वि.को कार्यविधिमा उल्लेखित नियमानुसार सामुदायिक विद्यालय (एसइइ तथा कक्षा १२ सम्म)मा अध्ययन गरेका विद्यार्थीलाई मात्र जम्मा विद्यार्थी संख्याको १०% संख्यालाई छात्रवृत्ति प्रदान गर्ने । यस प्रकारको छात्रवृत्ति पहिलोदेखि आठौं सेमेस्टरसम्म विद्यार्थी सङ्ख्या घटेपनि प्रदान गर्ने । यस्तो छात्रवृत्ति सुविधा अनुत्तीर्ण हुने वित्तिकै रोकिनेछ ।
- कोटा पूर्ण नभएको अवस्थामा जम्मा सेमेष्टर शुल्कको ५% ले हुन आउने रकमलाई छात्रवृत्ति कोष मानी अघिल्लो बार्षिक/सेमेस्टर परीक्षाको अङ्क र आन्तरिक परीक्षाको अङ्कको आधारमा मेरिट लिस्ट तयार पारी जेहेन्दार छात्रवृत्ति फर्म भराई छात्रवृत्ति वितरण गरिनेछ । यस अन्तर्गत छात्रवृत्ति प्राप्त गर्नका लागि विद्यार्थीहरु अघिल्लो बार्षिक/सेमेस्टर परीक्षा तथा आन्तरिक परीक्षामा समेत उत्तीर्ण भएको हुनुपर्नेछ ।
- सेमेष्टरमा त्रि.वि. टपगर्ने १ जना विद्यार्थीलाई अर्को सेमेष्टरको पूर्ण छात्रवृत्ति, द्वितीय हुनेलाई ५०% र तृतीय हुनेलाई २५% छात्रवृत्ति दिइनेछ । त्यसैगरी क्याम्पसभित्र सेमेष्टर टप गर्ने १ जनालाई २०% छात्रवृत्ति दिइनेछ । अन्तिम सेमेस्टरलाई यो सुविधा प्रदान गरिने छैन ।

झ) सेमेस्टर प्रणाली अन्तरगत स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुको हकमा छात्रवृत्ति वितरण देहाय बमोजिम हुनेछः

- अघिल्लो परीक्षा (सेमेस्टर) र आन्तरिक परीक्षाको आधारमा मेरिट लिष्ट तयार पारी जेहेन्दारको छात्रवृत्ति फाराम भराई ५% ले हुन आउने रकम बराबरको छात्रवृत्ति कोष मानी सोही रकम बराबर छात्रवृत्ति वितरण गर्ने । यसको लागि विद्यार्थीले अघिल्लो सेमेस्टर र आन्तरिक परीक्षा दुवै उत्तीर्ण गरेको हुनुपर्नेछ ।
- सेमेस्टरमा टप गर्ने १ जनालाई अर्को सेमेष्टरमा २०% छात्रवृत्ति दिइनेछ भने विश्वविद्यालय टप गर्ने १ जना विद्यार्थीलाई अर्को सेमेष्टरको पूर्ण छात्रवृत्ति दिइनेछ यो सुविधा अन्तिम सेमेस्टरमा प्रदान गरिनेछैन ।

परिच्छेद- सात

७.१ विविध

७.१.१ छात्रवृत्ति उपलब्धताको लागि निम्न कुराहरु अनिवार्य पालना गर्नुपर्ने छ:

क) विभिन्न कोटामा निर्धारित संख्यामा योग्यताक्रम अनुसार छात्रवृत्ति उपलब्ध गराइने छ । सबै शीर्षकमा छात्रवृत्ति छनौट गर्दा जेहेन्दारिताको पक्षलाई ख्याल गरिने छ ।

ख) कुनै पनि विद्यार्थीले दोहोरो शीर्षकमा छात्रवृत्ति आवेदन गर्न पाउने छैन ।

ग) सम्बन्धित बोर्ड, विश्वविद्यालय वा अन्य कुनै छात्रवृत्तिदाता, व्यक्ति वा संघ-संस्थानबाट छात्रवृत्ति पाइसकेका विद्यार्थीलाई क्याम्पसले छात्रवृत्ति उपलब्ध गराउने छैन ।

घ) छनौट प्रक्रियामा ७०% अधिल्लो कक्षाको प्राप्ताङ्क र ३०% आन्तरिक परीक्षाको प्राप्ताङ्क आधारमानी योग्यताक्रम अनुसार छात्रवृत्ति उपलब्ध गराइने छ ।

ङ) बुदा नं. ६.२ अन्तर्गत छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको छात्रवृत्तिमा अभिलेख राख्नुपर्ने छ ।

च) जेहेन्दार अन्तर्गत फाराम भर्ने विद्यार्थीहरुले अनिवार्य रुपमा वार्षिक परीक्षाहरुको मार्कसिट पेश गर्नुपर्ने छ । जेहेन्दार तथा ६.१. (ख) बमोजिम आरक्षणमा फाराम भर्ने विद्यार्थीहरुले क्याम्पसले लिएको आन्तरिक परीक्षामा प्राप्त गरेको अंकसहित सम्बन्धित शाखाबाट प्रमाणित गरी फाराम बुझाउनुपर्ने छ ।

ठ) अधिकतम छात्रवृत्ति रकम अवस्थाको गम्भिरताको आधारमा ११ महिनासम्मको शिक्षण शुल्क बराबरको रकम उपलब्ध गराइने छ ।

७.१.२ जिम्मेवार हुनपर्ने: छात्रवृत्तिको व्यवस्थापनको लागि बैठक बोलाउने, कोटा एकिन गर्ने, अन्तर्वार्ता सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने तथा सिफारिस लगायतका काम समयमै सम्पन्न गर्नको लागि छात्रवृत्ति समितिको सदस्य-सचिव जिम्मेवार रहनेछन् ।

७.१.३ अनुसूचिमा हेरफेर: यस अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरु थप गर्नु आवश्यक देखिएमा छात्रवृत्ति समितिको निर्णय बमोजिम आफ्नो क्षेत्रका लागि अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

७.१.३ गुनासो राख्न सकिने: छात्रवृत्ति नतिजासँग सम्बन्धित कुनै गुनासो भएमा नतिजा प्रकाशित भएको मितिले सात दिनभित्र निवेदन दिनसक्नेछ ।

७.१.४ खारेजी र बचाउ

क) यस कार्यविधि जारी हुनु पूर्व छात्रवृत्ति समितिले छात्रवृत्ति सम्बन्धी गरेका काम कार्वाहीहरु यसै कार्याविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची एक

(जेहेन्दार अन्तर्गत विद्यार्थीले आवेदन दिने ढाँचा)

मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा, मकवानपुर

शैक्षिक वर्ष .....

दर्ता नं. मिति:

१. विद्यार्थीको नाम:

२. कक्षा/तह: रोल नं.: संकाय: वर्ष/सेमेष्टर: माध्यम:

३. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगाना:

प्रदेश नं. जिल्ला:

महानगर/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिकाको नाम:

वडा नं.: टोल:

४. विद्यार्थीको स्थायी ठेगाना:

प्रदेश नं. जिल्ला:

महानगर/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिकाको नाम:

वडा नं.: टोल:

५. विद्यार्थीको सम्पर्क नम्बर:

६. अभिभावकको नाम थर

क) बाबुको नाम थर: ख) पेशा ग) मोबाइल नं.

घ) आमाको नाम थर: ङ) पेशा च) पेशा:

७. यस अघि छात्रवृत्ति प्राप्त गरेको/नगरेको:

८. शैक्षिक जानकारी:

क्रम	तह	कूल प्राप्तांक	श्रेणी	कैफियत
क.	एस.इ.इ वा सो सरह			
ख.	माध्यमिक तह वा सो सरह			
ग.	स्नातक तह वो सो सरह			

९. आन्तरिक परीक्षा विवरण:

विषय	आन्तरिक परीक्षा				अघिल्लो वर्षको वार्षिक परीक्षा		कैफियत
	प्रथम		दोश्रो				
	पूर्णाङ्क	प्राप्ताङ्क	पूर्णाङ्क	प्राप्ताङ्क	पूर्णाङ्क	प्राप्ताङ्क	
कूल							

नोटः

क) जेहेन्दार अन्तर्गत आवेदन फाराम भर्ने विद्यार्थीहरु सबै आन्तरिक परीक्षामा उत्तिर्ण भएको हुनुपर्ने छ ।

ख) वार्षिक परीक्षामा सबै विषय उत्तिर्ण भएको हुनेपर्ने छ ।

ग) आरक्षण तथा अन्य समूह अन्तर्गत आवेदन फारम भरेको विद्यार्थीहरुले आन्तरिक परीक्षामा उपस्थित भई कम्तीमा २ विषय उत्तिर्ण गरेको हुनुपर्ने छ । साथै अघिल्लो वार्षिक परीक्षामा दिएको हुनुपर्नेछ ।

१०. आफूले कुन समूहबाट आवेदन दिन चाहेको हो, कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस् ।

क) जेहेन्दार ☐	ज) कलाकार ☐	ण) मधेशी ☐
ख) अपाङ्ग ☐	झ) तेश्रो लिङ्गी ☐	त) मधेश आन्दोलनका घाइतेका सन्तती ☐
ग) सहिद परिवार ☐	ञ) आदिवासी/जनजाति ☐	
घ) जनआन्दोलन घाइते ☐	ट) दलित ☐	थ) बेपत्ता परिवार ☐
ङ) द्धन्दपीडित ☐	ठ) आर्थिक अवस्था कमजोर तथा विपन्नता ☐	द) अन्य ☐
च) दुर्गम क्षेत्र ☐		
छ) राष्ट्रिय/क्षेत्रीय खेलाडी ☐	ढ) EDJ ☐	

माथि उल्लेखित व्यहोरा ठिक तथा साँचो छन्, फरक परे कानून बमोजिम सहुँला, बुझाउँला ।

आवेदक विद्यार्थीको दस्तखत

इति

वि.सं.....महिना.....गते.....

.....रोज्.....शुभम् ।

अनुसूची दुई

(आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुको विवरण)

१. आन्तरिक परीक्षाको विवरण

२. वार्षिक परीक्षाहरुको मार्कसिटको प्रतिलिपी,

३. खेलाडी, कलाकार, भन्नाले राष्ट्रिय/अन्तर्राष्ट्रिय तथा क्षेत्रीय रुपमा सहभागी खेलाडी/कलाकार/ हुनुपर्ने छ र छात्रवृत्ति आवेदन साथ सहभागिताको प्रमाण पत्रको प्रतिलिपी वा सक्कलै आवश्यकता अनुसार अनिवार्य पेश गर्नुपर्ने ।

४. पत्रकार भन्नाले मकवानपुर बहुमुखी क्याम्पसमा अध्ययनरत पत्रकार महासंघको सदस्यता प्राप्त विद्यार्थीलाई बुझाउने छ । निजले परिचयपत्रको फोटोकपी वा आवश्यकता अनुसार सक्कलै आवेदन साथ पेश गर्नुपर्ने छ । अनिवार्य पेश गर्नुपर्नेछ ।

५. सहिद परिवार तथा जन आन्दोलनका घाइते, द्वन्द्वपीडित तथा अपाङ्ग विद्यार्थीहरुले नेपाल सरकारले प्रदान गरेको प्रमाण पत्रको प्रतिलिपी वा आवश्यकता अनुसार सक्कलै आवेदन साथ पेश गर्नुपर्ने छ ।

६. दलित, जनजाति र मधेशी विद्यार्थीको कोटामा छात्रवृत्ति आवेदन भर्ने विद्यार्थीले सम्बन्धित आधिकारिक निकायबाट प्राप्त प्रमाण पत्रको प्रतिलिपि वा आवश्यकता अनुसार सक्कलै आवेदन साथ पेश गर्नुपर्ने छ ।

७. आर्थिक अवस्था कमजोर तथा विपन्नताको हकमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिबी परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र पेश गर्नुपर्नेछ ।

८. शिक्षाको पहुँच नपुगेका जनजाति (Educationally Disadvantaged Janajatis, EDJ) अन्तर्गत विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त जनजातिको सूची विवरण अनुसारलाई मानिनेछ ।

९. तेश्रो लिङ्गीको प्रमाणको हकमा लिङ्ग खुलेको नागरिकताको फोटोकपी पेश गर्नुपर्ने छ ।

अनुसूची तीन

(Educationally Disadvantaged Janajatis, EDJ अन्तर्गत पर्ने जातिहरुको विवरण)

S	Ethnic_Label	Ethnic Code (103)	Literacy Rate, 2001 (Harka G., New Era/ Wb)	SN	Ethnic_Label	Ethnic Code (103)	Literacy Rate, 2001 (Harka G., New Era/ Wb)
1	Baantar	54	26.1	42	Munda	97	47.8
2	Badhai	50	47.7	43	Musahar	22	11.1
3	Badi	84	42.6	44	Muslim	7	40.1
4	Barai	55	49.6	45	Nuniya	43	28.1
5	Baramu/Bramhu	78	46.5	46	Pahari	71	45.6
6	Bhediyar/Gaderi	64	39.7	47	Panjabi/Shikh	88	51.9
7	Bhote	62	50.0	48	Pattharkatta/Kuswadiya	100	19.5
8	Bing/Bida	63	19.5	49	Rajbhar	59	44.7
9	Bote	77	40.6	50	Raji	90	42.0
10	Chamar/Harijan	17	23.8	51	Raute	98	46.6
11	Chepang/Praja	46	36.1	52	Santhal/Satar	52	29.7
12	Chidimar	70	35.1	53	Sarki	15	44.8
13	Damai/Dholi	12	50.1	54	Sunuwar	36	51.7
14	Danuwar	45	48.6	55	Tajpuriya	68	52.2
15	Dhanuk	21	41.4	56	Tamang	5	51.8
16	Dhobi	41	39.1	57	Tatma	39	29.1
17	Dhuniya	94	24.0	58	Thakur/Hazam	33	48.3
18	Dom	75	13.8	59	Thami	60	43.0
19	Dusadh/Paswan	23	24.8	60	Tharu	4	53.7
20	Gaine	79	50.2	61	Unidentified Dalit	102	45.6
21	Gangai	57	52.2	62	Walung	95	31.1
22	Halkhor	87	37.8	63	Yadav	9	46.0
23	Hayu	92	49.5				
24	Jhangad	53	30.8				
25	Kahar	56	38.1				
26	Kamar	76	22.0				
27	Kami	8	48.1				
28	Kanu	34	48.3				
29	Kewat	26	42.1				
30	Khatwe	40	23.5				
31	Kisan	89	40.6				
32	Koche	93	35.7				
33	Koiri	18	48.9				
34	Kumal	32	49.4				
35	Kumhar	44	42.9				
36	Kurmi	19	42.6				
37	Lodha	58	36.4				
38	Lohar	38	43.0				
39	Majhi	42	42.5				
40	Mali	72	42.3				
41	Mallah	30	31.2				